"कृषि, उद्योग, शिक्षा, शिप, प्रविधि र सुशासनमा अभिवृद्धि
पर्यटन, संस्कृति, सम्पदा र स्वच्छता ललितपुरको संमृद्धि"

ललितपुर जिल्लाको २४ औं जिल्ला परिषदद्धारा स्वीकृत आ.ब.२०७२।७३ का लागि

नीति,कार्यक्रम तथा बजेट

जिल्ला विकास समितिको कार्यालय
ललितपुर

२०७१ फागुन २७ गते बुधबार

२४ औं जिल्ला परिषद्, ललितपुरबाट पारित नीति, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण कार्यक्रम

श्रद्धेय प्रमुख अतिथि माननीय उप-प्रधान एवम् सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहज्यू
विशेष अतिथि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गोविन्द पोखरेल ज्यू
विशेष अतिथि माननीय सभासद्ज्यूहरु,
विशेष अतिथि नेपाल भाषा एकेडेमीका चान्सलर एवम् संस्कृतिविद् सत्यमोहन जोशीज्यू,
विशेष अतिथि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव डा. सोमलाल सुवेदीज्यू,
विशेष अतिथि पूर्व मन्त्रीज्यूहरु
विशेष अतिथि पूर्व सांसद एवं सभासद्ज्यूहरु
विशेष अतिथि भुतपूर्व मुख्य सचिव एवम् लोकसेवा आयोगका पूर्व अध्यक्ष तिर्थमान शाक्यज्यू,
जिल्लास्तरीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह-सचिवज्यूहरु
डोलिडारका महानिर्देशकज्यू ,
पुनरावेदन सरकारी वकिल कार्यालयका प्रमुखज्यू,
प्रमुख जिल्ला अधिकारीज्यू ,
काठमाडौ महानगरपालिकाका कार्यकारी अधिकृतज्यू,
प्रहरी बरिष्ठ उपरिक्षकज्यू
प्रमुख सेनानीज्यू
शशस्त्र प्रहरी उपरिक्षकज्यू
काठमाडौ एवं भक्तपुर जि.वि.स.का स्थानीय विकास अधिकारीज्यूहरु
ल.पु.उ.म.न.पा.एंवम् न.पा. का कार्यकारी अधिकृतज्यूहरु
जिविसका पूर्व सभापति एवम् उपसभापतिज्यूहरु
पूर्व नगरप्रमुख एवम् उपप्रमुखज्यूहरु
सम्पूर्ण कार्यालय प्रमुखज्यूहरु,
ललितपुर उद्योग वाणिज्य संघका अध्यक्षज्यू, गैरसरकारी संस्था महासंघका प्रमुखज्यू, नागरिक समाज लगायत विभिन्न संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरु,
गाविस सचिवज्यूहरु एंवम् सामाजिक परिचालकज्यूहरु,
संचारकर्मी मित्रहरु,
उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु ।

श्रद्धेय प्रमुख अतिथि **माननीय उप-प्रधान एवम् सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यू**, विशेष अतिथिज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा जिल्ला विकास समिति, ललितपुरको तर्फबाट हार्दिक स्वागत गर्दछु। देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एवम् अधिकार सम्पन्न बनाउने अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस गरिमामय कार्यक्रममा जिल्ला विकास समितिको तर्फबाट जिल्लाको समग्र विकासका लागि आ.व. ०७२/७३ को वार्षिक नीति, कार्यक्रम र बजेट सार्वजनिक गराउन पाउँदा खुसीको अनुभूती गरेको छु । यस अवसरमा, जिविसलाई साथ र सहयोग गर्नुहुने ललितपुर जिल्लावासी सम्पूर्ण आदरणीय दाजुभाई, दिदीबहिनीहरु, माननीय सभासद्ज्यूहरु, पूर्व सभासदज्यूहरु,जिल्ला विकास समितिका पुर्व पदाधिकारीहरु, जिल्लामा क्रियाशिल राजनैतिक दल तथा विकास अभियन्ताका रुपमा रहेका कार्यालय संघ, संस्था लगायत सम्पूर्ण निकायहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

ललितपुर जिल्लामा विद्यमान भौगोलिक एवम् सांस्कृतिक विविधता, इतिहास, कला, संस्कृति, प्राकृतिक श्रोत साधनको प्रचुरता जस्ता विशिष्टताहरुको सुव्यस्थित उपयोगद्वारा समग्र ललितपुरवासीहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउन २४ औं जिल्ला परिषदबाट स्वीकृत नीति कार्यक्रमले महत्वपुर्ण योगदान गर्ने छ भनी पूर्ण विश्वास लिएको छु ।

भौगोलिक रुपमा अधिकांश भू-भागहरु दूर्गम तथा पिछडिएको क्षेत्र रहेको यस जिल्लामा भौतिक पूर्वाधार, कृषि तथा पर्यटन क्षेत्र आदिको विकास अपेक्षित रुपमा हुन सकेको छैन । विशेष गरी जिल्लाको दक्षिणी भेगमा

विद्यमान गरिवी न्यूनिकरणगर्ने, बेरोजगारी कम गर्न, स्वास्थ्य सेवा विस्तार एवम् पुर्ण खोपको सुनिश्चितता गर्नु जस्ता अभियानमा हाम्रो श्रोत साधनहरुको परिचालन हुने गरेता पनि अपेक्षित उपलव्धी हासिल गर्न थप समन्वायत्मक प्रयास गर्नु जरुरी रहेको छ । जिल्लाको आन्तरिक आयका विभिन्न स्रोतको पहिचान, उपयोग तथा समूचित व्यवस्थापन हुन नसक्नु, उत्पादनशील श्रोत साधनमा समान पहुँच पुग्न नसक्दा महिला, वालवालिका, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्रको आर्थिक सामाजिक स्थितिमा अपेक्षाकृत सुधार आउन नसकेको कारण समावेशी विकासको अवधारणालाई उपलव्धिमूलक बनाउन थप प्रयास गर्नुपर्ने आवस्यक छ ।

स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधि विहीनताको बावजुद उल्लेखित समस्या तथा चुनौतिहरु सामना गर्न जिल्लामा राजनीतिक समझदारी र सहमति, विकासप्रति जनताको उत्साह, चासो तथा राष्ट्रसेवक कर्मचारीहरुको नियमित प्रयास, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघ संस्था तथा दातृ निकायहरुबाट विकास प्रकृयामा भएको सहभागिता र साझेदारीले हाम्रो उत्साह तथा साहसलाई कायम राखेको छ । प्राकृतिक श्रोत साधनको उपलव्धता, साँस्कृतिक विविधता, सुचीकृत विश्व-सम्पदा, पर्यटकीय संभावना, कृषि तथा पशुपालन व्यवसाय लगायत आर्थिक रुपमा सक्रिय जनसंख्याको बाहुल्यता यस जिल्लाको विकासको संभावनाको रुपमा रहेका छन् ।

जिल्लाका समग्र सवल,कमजोर पक्ष, अवसर र चुनौतीको यथार्थ विश्लेषण गरी "कृषि, पर्यटन, उद्योग, शिक्षा र सँस्कृतिमा अभिवृद्धिः सम्पदा, स्वच्छता र सुशासन ललितपुरको समृद्धि" लाई परिकल्पना को रुपमा कायम गरी आ.व.०७२।७३ देखी ०७६।७७ सम्मको दोस्रो आवधिक जिल्ला विकास योजना तयार गरी २४औ जिल्ला परिषदवाट स्वीकृत गरिएको व्यहोरा यस गरिमामय समारोहमा जानकारी गराउदछु ।

आवधिक योजना को परिकल्पना लाई पुरा गर्ने गरी अन्य क्षेत्रगन(विषयगत) गुरुयोजना अध्यावधिक र तयारी गर्दै लगिने छ । आवधिक र क्षेत्रगत गुरुयोजना को आधारमा बार्षिक योजना तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

आगामी आ.व देखी राष्ट्रिय योजना आयोगबाट प्रकाशित हुदै आएको जिल्लास्तरीय योजना पुस्तिका भाग २ का आयोजनाहरु छनोट र कार्यान्वयन पनि जिल्लास्तरवाटनै गर्ने नेपाल सरकारको निर्णयले जिल्लाको योजनावद्ध विकास प्रयासलाई थप व्यवस्थित वनाउन सकिने संभावना रहेको छ ।

स्थानीय स्वायत्त शासनका आधारभूत व्यवस्थाहरुलाई नतिजामूखी कार्यान्वयन गर्न नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालका सचिव डा.सोमलाल सुवेदी र ललिलपुर जिल्लाका स्थानीय विकास अधिकारी पशुपति पोखरेल विच कार्यसम्पादन सम्झौता भएको छ । सम्झौतामा उल्लेखित सुचकहरुको प्राप्ती गरी जिल्लाको विकास र सेवा वितरणमा सुधार ल्याउने प्रयास गरीने छ । कार्यसम्पादनका सुचकहरुलाई आधार वनाई शाखागत कार्यसम्पादन सम्झौता गरी प्राप्त नतिजालाई कर्मचारी मुल्यांकनको आधार समेत बनाईने छ ।

जिल्लालाई सन् २०१५ सम्म खुल्ला दिशा मुक्त जिल्ला घोषण गर्ने अभियान अन्तरगत हालसम्म १७ बटा गाविस खुल्ला दिशामुक्त घोषण भइसकेका छन् । बांकी रहेका गाविस र नगरपालिका समेतलाई सन् २०१५ को अन्तसम्ममा खुल्ला दिशामुक्त क्षेत्र घोषण गर्ने गरी रणनीतिक योजना कार्यन्वयनमा रहेको छ ।

यसै बर्ष पुर्णसाक्षरता यूक्त जिल्ला घोषण भइसकेको छ पुर्ण साक्षरतालाई कायम राख्दै शैक्षिक गुणस्तर सुधारमा ध्यान केन्द्रित गरीने छ । नेपाल सरकारले संचालन गरेका अभियानहरु खासगरी बागमती लगायत उपत्यकाका नदीनाला सरसफाई ,वालमैत्री स्थानीय शासन,बातावरण मैत्री स्थानीय शासन लाई प्रथमिकताका साथ संचालन गरीने छ ।

उपस्थित विशिष्ट व्यक्तित्वहरु चालु आ.ब.मा गरिएका मुख्य कार्यहरुको बारेमा निवेदन गर्दछु ।

आ.ब.०७१।७२मा भएका भौतिक तथा अन्य उपलब्धीहरु

- आवधिक जिल्ला विकास योजना तयार गरी स्वीकृत गरिएको ।
- पर्यटन गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- जिल्ला यातायात गुरुयोजना अध्यावधिक गरी कार्यान्वयनमा ल्याइएको ।
- दक्षिण ललितपुरको बगुवा प्युटार आश्राङ्ग,गिम्दी सडक खण्डको खानीखोलामा स्टील ट्रस मोटरएवल पुल निर्माण सम्पन्न भएको ।

- ❖ भारतीय दुतावासको सहयोगमा श्री मंहाकाल उ.मा.वि.गोटिखेलमा विद्यालय भवन निर्माण सम्पन्न भएको ।
- ❖ जिल्ला सहकारी प्रर्वद्धन केन्द्रको भवन निर्माण कार्य भारतीय दुतावासको सहयोगमा चालु आ.ब.मा शुरुवात गरिएको ।

सि.नं.	शिर्षक	ईकाई	परिमाण	कैफियत
१.	सडक सुविधा :			
	क) कालोपत्रे	कि.मि.	१३०.७३	
	ख) ग्राभेल	कि.मि.	२०९.६१	
	ग) कच्ची	कि.मि.	२७१.१०	
२.	विद्युत सेवाको विस्तार	गाविस	सबै गा.वि.स	९७%जनसंख्या लाभान्वित
३.	बन क्षेत्रले ओगटेको क्षेत्र	प्रतिशत	५८	
४.	साक्षरता	प्रतिशत	पुर्ण साक्षर	
५	संचार सुविधा	गाविस	सबै गा.वि.स	
६.	आधारभुत स्तरको खानेपानी उपयोग गर्ने जनसंख्या	प्रतिशत	८९.४२	
७	आधुनिक शौचालयको प्रयोग गर्ने जनसंख्या	प्रतिशत	६६	

आगामी आर्थिक वर्षका लागि वजेट तर्जुमा गर्दा लिईएका आधारहरु :

- ❖ नेपालको अन्तरिम संविधान, २०६३ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- ❖ आवधिक योजनाले निर्धारण गरेका अवधारणा, उद्देश्य तथा प्राथमिकताहरु,
- ❖ सहस्राव्दी विकास लक्ष्यले निर्धारण गरेका प्रमुख क्षेत्रहरु,
- ❖ स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ले निर्दिष्ट गरेका व्यवस्थाहरु, वालमैत्रि स्थानीय शासन कार्यविधि र रणनीति २०६८, सामाजिक परिचालन कार्यविधि २०७१, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६, आवधिक योजना ०७२-७७,
- ❖ राष्ट्रिय योजना आयोगद्वारा प्राप्त कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन,
- ❖ नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट समय समयमा प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,
- ❖ वडा नागरिक मञ्च, गाउँ परिषद, ईलाकास्तरीय गोष्ठी, विषयगत समिति, एकीकृत योजना तर्जुमा समिति हुँदै सहभागितामूलक योजना तर्जुमा प्रकृयाद्वारा प्राथमिकीकरण सहित प्राप्त भएका आयोजना तथा सुझावहरु ।

आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु तथा अन्य अतिथिज्यूहरु,

आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन पश्चात देहायका उद्देश्यहरु प्राप्त हुने अपेक्षा गरिएको छ ।

1. जेष्ठ नागरिक, महिला, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी विकासको अवधारणालाई जोड दिने ।
2. रोजगारी तथा आर्थिक वृद्धिका लागि सहकारीको माध्यमबाट कृषि तथा पशुपालनको व्यवसायीकरणमा जोड दिने ।
3. आन्तरिक श्रोत अभिवृद्धि गर्दै आत्मनिर्भरता बढाउनेतर्फ विशेष पहल गर्ने ।
4. भौतिक तथा आर्थिक पूर्वाधारको विकासका साथै सामाजिक परिचालनद्वारा गरिवी न्यूनिकरणमा जोड दिने ।
5. उर्जा क्षेत्रमा साझेदारी लगानी वढाई नविकरणीय उर्जा प्रवर्द्धनमा जोड दिने ।
6. पर्यटकिय क्षेत्रको पहिचान गरी पर्यटन प्रवर्द्धनमा जोड दिने ।

आगामी आर्थिक वर्ष आ.ब.०७२।७३ को बजेट तर्जुमा गर्दा देहायका क्षेत्रहरुलाई प्राथमिकता दिईएको छ ।

वजेटका प्राथमिकताहरु :

उल्लेखित सोच र उद्देश्य अनुरुप वजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ :

१. रोजगारमुखी समावेशी आर्थिक विकास ।
२. पिछडिएका जाति, समुदाय तथा भौगोलिक क्षेत्रको उत्थान र विकासका लागि लक्षित कार्यक्रम ।
३. भौतिक तथा आर्थिक पूर्वाधारको विकास ।
४. कृषि क्षेत्रको आधुनिकीकरण एवं व्यवसायीकरणमा जोड ।
५. लक्षित वर्गलाई प्राथमिकतामा राखी सामाजिक विकासमा जोड ।
६. नविकरणीय ऊर्जाको प्रवर्द्धन ।
७. विद्युतीय माध्यमको उपयोगद्वारा सार्वजनिक सेवा प्रवाहमा सुधार गरी सुशासन कायम ।
८. विपद न्यूनिकरणमा जोड ।

आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु तथा अन्य अतिथिज्यूहरु,
जिल्ला विकास योजना तर्जुमा गर्दा देहाय अनुसार विषय,क्षेत्रगत नीतिहरु तर्जुमा गरिएको छ ।

क.) जनसंख्या तथा सामाजिक विकास (लैससास)Gender Equality and Social Incluson (GESI) नीति तथा कार्यनीति,

जातीय, क्षेत्रीय र लैंगिक भेदभाव मुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने राष्ट्रिय नीति र लैंगिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैङ्गिक तथा सामाजिक सम्वन्धमा सुधार ल्याई ललितपुरको दिगो विकासका लागि देहायका नीति लिइएको छ :

- ❖ जिल्लाका सवै सरकारी, गैरसरकारी, सहकारी तथा अन्य सार्वजनीक संघसंस्थाहरु लाई संस्थागत एवम् कार्यक्रमगत रुपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।
- ❖ संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई माथि उल्लिखित निकायहरुको कार्यक्रम/आयोजनहरुबाट सुनिश्चित एवं प्रभावकारी रूपमा लागू गर्ने;
- ❖ महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने
- ❖ सरोकारवालाहरूलाई वार्षिक/आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही हुन अभिप्रेरित गर्ने ।
- ❖ स्थानीय जनता विशेष गरी सवै जातजातिका विपन्न महिला, बालबालिका, आर्थिक सामाजिक रुपमा पछाडी परेका/पारिएका समुदाय (जेष्ठ नागरिक, दलित आदिवासी/जनजाति)लाई लक्षित गरि तपशिलका नीति लिई उनीहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरुलाइ प्रथमिकता दिइनेछ ।

महिला तर्फ

- ❖ निर्णय प्रक्रिया र आयोजनाहरुको कार्यान्वयनका क्षेत्रमा महिलाको सहभागिता सुनिश्चित गर्दै लैङ्गिक विभेदलाई कम गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।
- ❖ महिला समूहहरु तथा सहकारी संस्थाहरुलाई सुदृढ गर्दै लगिनेछ । दलित, जनजाति र एकल महिलाहरुको सशक्तीकरण गरी स्वरोजगारमूलक क्रियाकलापहरु प्रवर्द्धन गरी आत्मनिर्भर बनाउन जोड दिइनेछ ।
- ❖ महिला माथि हुने घरेलु हिंसा नियन्त्रण गर्न सरोकारवालाहरु समेतको सहभागितामा जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै असहाय महिलाहरुका लागि निःशुल्क कानूनी सेवा प्रदान गर्न गराउन पहल गरिनेछ ।
- ❖ अति विपन्न महिलाहरुलाई व्यवसायिक सीप र टेवा प्रदान गरी उनीहरुको आयमा वृद्धि ल्याई आत्मनिर्भर उन्मुख गराइने छ ।

- ❖ किशोरीहरुको वहुआयामिक विकासका लागि विशेष जोड दिई जीवन स्तरमा सुधार ल्याउनका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमा संचालन गरीने छ ।

वालवालिकाहरु तर्फ

- ❖ वालमैत्री स्थानीय निकाय वनाउनका लागि वालमैत्रि स्थानीय शासन कार्यविधि र रणनीति २०६८, जिविसबाट तर्जुमा गरिएको वालमैत्रि स्थानीय निकाय रणनीतिक योजनाले निर्देश गरेका आधार, सूचक पुरा गरि वालमैत्रि जिल्ला निर्माणका लागि सरोकारवालाहरु वीचको साझेदारी तथा सहकार्यलाई वलियो बनाईने छ ।
- ❖ वालवालिकाहरु माथि हुने जघन्य हिंसा, दुर्व्यवहार तथा शोषणलाई सम्वन्धित सवै निकायसंगको सहकार्यमा नियन्त्रण गर्ने नीति अवलम्वन गरिनेछ । वाल श्रम न्यूनीकरणको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायसंगको समन्वयमा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछन् ।
- ❖ शिक्षा श्रोतकेन्द्रहरुको संयोजन तथा गैरसरकारी संस्थाहरुको सहयोगमा प्रत्येक गाविसमा बाल क्लव गठन, बालसंरक्षण तथा सम्वर्द्धन समितिको गठन तथा सहजीकरण गरी जिल्ला स्तरीय बाल क्लव तथा वालसंरक्षण सञ्जालको क्षमता विकास र सुदृढीकरणको नीति अवलम्वन गरिनेछ ।
- ❖ जिल्लामा सञ्चालन भईरहेका बाल गृहहरुको नियमित अनुगमन गरी प्रचलित कानून बमोजिम प्रभावकारी व्यवस्थापन गर्ने/गराउने नीति अवलम्वन गरिनेछ ।
- ❖ पूर्वाधार संरचान निर्माण गर्दा बालवालिकाले सहजै उपयोग गर्न सक्नेगरी गरीने छ ।

ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग तर्फ

- ❖ दलित, आदिवासी/जनजाति हरुको परम्परागत सीप तथा पेशालाई आधुनिकीकरण गर्दै नयाँ सीप तथा रोजगारमुखी कार्यक्रम संचालन गरिनेछ ।
- ❖ विपन्न दलित, उत्पीडित, आदिवासी जनजातिहरुको शैक्षिक स्तरोन्नतिका लागि छात्रवृत्तिको कोष खडा गर्न स्थानीय नगरपालिका र गाविसहरुको समेत सहभागिता जुटाई पहल गरिनेछ ।
- ❖ उच्च शिक्षा छात्रवृत्तिको सट्टामा प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने नीति लाई निरन्तरता दिइनेछ ।
- ❖ समाजमा रहेको छूवाछूत तथा सामाजिक विभेद उन्मुलनको निम्ति आवश्यक पहल गरिनेछ ।
- ❖ आदिवासी र जनजातिको प्राकृतिक स्रोत र साधनमाथिको पहुंच अभिवृद्धि गर्न सरोकारवालाहरुको साझेदारीमा विशेष कार्यक्रमहरु संचालन गरिनेछन् ।
- ❖ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलव्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राखिनेछ साथै त्यस्तो रकम को भुक्तानी क्रमशः बैङ्किङ्ग प्रणाली मार्फत गरिने व्यवस्था मिलाउँदै लगिनेछ ।

अपाङ्गता तर्फ

- ❖ सवै निकायहरुमा भौतिक संरचना निर्माण तथा व्यवहारलाई अपाङ्गता मैत्री बनाउन उत्प्रेरित गरिनेछ ।
- ❖ यातायात सेवामा अपाङ्गता भएका व्यक्तिहरुको सम्मानजनक पहूचका लागि गै.स.स महासंघ, उद्योगवाणिज्य संघ, यातायात व्यवसायी संघहरुको सहकार्यमा यातायात मजदूरहरुलाई अभिमुखीकरण गरिनेछ ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्नुका साथै सामुदायमा आधारित पुनर्स्थापना गर्ने कार्यलाई विशेष जोड दिइनेछ र अपाङ्गता सम्वन्धी कार्यक्रम संचालनका लागि जिल्लामा एक कोषको व्यवस्था गरिनेछ ।

शिक्षा

- ललितपुर पूर्ण साक्षर जिल्ला घोषण भइसकेको छ पुर्ण साक्षरतालाई कायम राख्दै आगामी दिनमा गुण्स्तरीय एवं कार्यमूलक शिक्षा तर्फ जोड दिइनेछ ।
- निक्षेपणको नीतिअनुरुप विद्यालयहरुलाई समुदायमा हस्तान्तरण गर्ने नीतिलाई थप प्रभावकारी वनाइनेछ ।
- विगत आ.व.हरुमा जिल्ला भित्रका आर्थिक रुपले कमजोर त्रि.वि. वाट सम्वन्धन प्राप्त सामूदायिक क्याम्पसहरु तथा विद्यालयहरुलाई प्रदान गरिदै आएको सहयोग कार्यक्रमलाई भौगोलिक विकटता, विद्यार्थी संख्या र आवश्यकताका अधारमा यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- निजी सार्वजनिक साझेदारीको अवधारणा अनुसार सरकारी तथा निजी संस्थाहरुको शैक्षिक गूणस्तरमा अझै अभिवृद्धि गरी यस जिल्लालाई शैक्षिक पर्यटन केन्द्रका रुपमा विकास गर्न पहल गरिनेछ ।

युवा तथा खेलकुदः

- समाज विकासको सबै भन्दा महत्वपूर्ण शक्तिका रुपमा रहेको युवाहरुका लागि स्वरोजगारमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- खेलकूद विकासका लागि आवश्यक खेल मैदान तथा पूर्वाधार विकासको नीतिलाई निरन्तरता दिइनेछ ।

जेष्ठ नागरिकः

- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिलाहरुको सीप, क्षमता ,आयअर्जन मनेरञ्जन, स्वास्थ्य स्याहार, जेष्ठ नागरिक दिवा सेवा केन्द्र, पारिवारिक तथा सामाजिक सम्मान र एकिकरण, अनुभव तथा योग्यताको अभिलेखिकरण तथा प्रचारप्रसार जस्ता कार्यक्रम गर्ने नीति अवलम्वन गरिने छ ।
- जेष्ठ नागरिकहरुको लागि संचालित जेष्ठ नागरिक स्वास्थ उपचार सेवा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन जोड दिइनेछ ।

स्वास्थ्य

- स्वास्थ्य क्षेत्रलाई अत्यावश्यक र आधारभूत तथा स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा स्थापित गर्दै तत्सम्वन्धी कार्यविधिहरु मार्फत क्रियाकलापहरु सम्पादन गरिनेछ तथा स्वास्थ्यको पहुंच सर्वसाधारणमा सहज तुल्याउने नीति अवलम्वन गरिनेछ । चौवीसै घण्टा आकस्मिक र प्रसुति सेवा सञ्चालनका लागि गा.वि.स.हरुलाई उत्प्रेरित गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधार विकास तथा स्तरवृद्धि गर्दै स्वास्थ्य क्षेत्रबाट सम्पादन गर्ने सेवालाई समायानुकुल गुणस्तरीय बनाउन पहल गरिनेछ ।
- अधिकांश ग्रामीण महिलाहरु प्रजनन् स्वास्थ्य सम्वन्धी समस्यावाट ग्रसित रहेको तथ्यलाई ध्यानमा राखी आवश्यक कार्यक्रम संचालनका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको समन्वयमा अत्यावश्यक कार्यक्रमहरु संचालन गर्न उत्प्रेरित गरिनेछ ।
- जिल्लाका विभिन्न उपस्वास्थ्य चौकीहरु, स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुमा जिल्लामा रहेका धेरै स्वास्थ्य संस्थाहरुको आफ्नो भवन नभएको र भएकामध्येमा पनि धेरै जसो जीर्ण भएकाले आवश्यकता र प्राथमिकताका आधारमा भौतिक संरचना निर्माण तथा मर्मत संभारका लागि जि.वि.स. र जनस्वास्थ्यको श्रोतबाट हून सक्ने लाई जिल्ला स्तरीय योजनामा समावेश गरिनेछ र ठूला योजनाका लागि स्वस्थ्य मन्त्रालय/विभागमा अनुरोध गरिनेछ ।
- जिल्लामा रहेका आयूर्वेद औषधालयहरुलाई सुदृढ गरी संचालन गरिनेछ साथै थप औषधालयहरु स्थापना गर्न सम्वन्धित निकायमा पहल गरिनेछ । आगामी वर्ष गोटिखेल र प्यूटारमा आयूर्वे औषधालय स्थापनाका लागि पहल गरिनेछ।

सांस्कृतिक संरक्षण तथा पर्यटन विकास :

- जिल्ला पर्यटन समितिलाई सुदृढ गर्दै जिल्ला पर्यटन गूरुयोजना कार्यान्वयन गर्दै लगिनेछ ।

❖ विभिन्न जात धर्म संस्कृति र परम्परामा आधारित मठ, मन्दिर, गुम्वा, विहार जस्ता सम्पदा तथा असल रीति रिवाजको संरक्षण एवं प्रर्वद्धन गरिनेछ ।

गैसस

❖ विभिन्न क्षेत्रमा कार्यरत गै.स.संस्थाहरुको तथ्यांकलाई अध्यावधिक गर्दै ती क्षेत्रको कार्यलाई थप व्यवस्थित वनाउन र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम कार्यसन्चालन गर्न गैससहरुलाई अभिमुखिकरण गरिनेछ ।

❖ गैरसरकारी संस्थाद्धारा सन्चालीत कार्यक्रमहरुको पारदर्शिता र जवाफदेहिताका लागि गैससहरुलाई सामाजिक लेखाजोखामा जोड दिइनेछ र गैसस अनुगमन कार्यविधि बमोजिम जिल्लामा कार्यरत गैससहरुको अनुगमन गरीनेछ ।

❖ जिल्लामा कार्यरत गैसस लगायत विभिन्न निकायहरुद्धारा सन्चालित कार्यक्रमहरुको दोहोरोपना हटाउन कार्यक्रममा समन्वय, सहभागिता र साझेदारिताको व्यवस्थालाई प्रभावकारी वनाइनेछ ।

ख. कृषि, बन तथा वातावरण :

१. कृषि तथा सहकारी :

❖ जि.वि.स.बाट योजना, वजेट तथा कार्यक्रम तर्जुमा गर्दा कृषि क्षेत्रमा कूल पूंजिगत वजेटको न्युनतम १५% रकम विनियोजन गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

❖ पशु वीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै समूदायस्तरमा व्यवस्थित कृषि श्रोत केन्द्रको प्रवर्द्धन गरिनेछ ।

❖ दुग्ध उत्पादन, विक्री तथा चिस्यान केन्द्र व्यवस्थापन र प्लाष्टिक क्यान विस्थापित गर्ने कार्यमा साझेदारी नीतिलाई निरन्तरता दिइनेछ ।

❖ उपत्यकामा खपत हुने फलफूल, तरकारी तथा पशुजन्य उत्पादनका लागि आय आर्जनको मुख्य श्रोतको रुपमा विकास गरी कृषकहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

❖ जिल्लाको भौगोलिक बनावटलाई दृष्टिगत गरी च्याउ, कुरिलो जस्ता नगदे तथा वेमौसमी तरकारी खेती, अन्नवाली, फलफूल, चिया, कफि, जडिबुटी तथा व्यवसायिक पुष्प खेतीलाई प्रवर्द्धन गरी आधुनिक कृषि प्रणाली एवं व्यवसायीकरणलाई जोड दिइनेछ ।

❖ वातावरण र स्वास्थ्यलाई ध्यान दिदै कृषि व्यवसायमा प्राङ्गारिक मल एवं जैबिक विषादीको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

२. वन, वातावरण तथा भू-संरक्षण :

❖ विकास योजना संचालन गर्दा वातावरणीय प्रभाव मुल्यांकन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्युनीकरण गर्न सम्वन्धित निकायको सहकार्यमा कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

❖ सामुदायिक वन विकास कार्यक्रमको प्रभावकारितामा जोड दिइनेछ ।

❖ जलाधार संरक्षण तथा व्यवस्थापनमा वायो इन्जिनियरिङ्गका माध्यमबाट कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

❖ वन उपभोक्ता महासंघ र जिल्ला वन कार्यालय तथा सम्वन्धित सरोकारवालाको साझेदारीमा जडिवूटि उत्पादनमा जोड दिइनेछ र प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

❖ जिल्लामा रहेका खानीहरु लगायत अन्य कलकारखानाहरु, जिल्लामा संचालित इटा भट्टा तथा क्रसर उद्योगको संचालनलाई वातावरण मैत्री वनाउने प्रयास गरिनेछ ।

❖ जिल्ला स्थित बागमती लगायत अन्य नदीहरुको अतिक्रमण रोक्ने नीति लिइनेछ ।

❖ वातावरणीय स्वच्छता कायम राख्नको लागि बागमति लगायत अन्य नदी तथा खोलाहरुमा बिना प्रशोधन ढल मिसाउने कार्यलाई निषेध गर्ने नीति लिइनेछ ।

❖ वातावरणमैत्री स्थानीय शासनको प्रारुपलाई स्थानीयकरण गरिनेछ ।

३. लघु उद्यम

- ❖ गरिवी न्यूनिकरणका लागि लघु उद्यमहरुको स्थापना तथा विस्तारमा आवश्यक सहयोग पुऱ्याउदै आय आर्जन अभिवृद्धि गर्ने कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ ।

ग. जलश्रोत तथा भूमि :

१. भूमि

- ❖ नगरउन्मूख गा.वि.स. र नगरपालिका क्षेत्रमा जमीनमा भइरहेको खण्डीकरणलाई रोकी व्यवस्थित शहरीकरणका लागि हाल कायम रहेको मापदण्डमा सुधार गर्न पहल गरिनेछ ।
- ❖ भूमि माथिको द्वैध स्वामित्वको अन्त्य गर्न मोही र जग्गा धनी बीचको जग्गा बाँडफाँडको प्रकृया हाल स्थगित रहेकोले सोबाट जिल्लावासीहरुलाई पर्न गएको असुविधालाई मध्यनजर गर्दै सो स्थगित भएको कार्यलाई निरन्तरताका लागि पहल गरिनेछ ।
- ❖ भूमिसंग सम्बन्धित श्रेस्ता (मालपोत, नापी र भूमिसुधार) मा रहेका सम्पूर्ण विवरणहरुलाई कम्प्यूटराइज गरी व्यवस्थित गर्दै जाने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ ललितपुर जिल्लामा नयां प्रविधि (कम्प्यूटराइज प्रणाली) वाट शुरु भएको पुन : नापीकार्यलाई निरन्तरता दिने नीति लिइनेछ ।

२. सिंचाई

- ❖ भौतिक पूर्वाधारका नयाँ संरचना निर्माण गर्दा सिंचाइ लगायत अन्य संरचनाहरुको प्रभावकारी ढंगवाट संरक्षण हुने गरी कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- ❖ जिल्ला भित्र रहेका सार्वजनिक जग्गा र जलस्रोत (खानेपानी तथा सिंचाई) को लगत अध्यावधिक गर्नका लागि उ.म.न.पा.,न.पा. र गा.वि.स. मार्फत कार्य गर्ने गराउने नीतिलाई निरन्तरता दिईनेछ ।

भौतिक पूर्वाधार तथा संरचना विकासः

१. खानेपानी तथा सरसफाई :

- ❖ विगतमा निर्माण भई संचालनमा रहेका खानेपानी आयोजनाहरुको समयानुकुल मर्मत संभारको व्यवस्था गरी यसको दिगोपनको लागि सम्वन्धित उपभोक्ताहरुलाई जिम्मेवार वनाइनेछ ।
- ❖ जिल्लाभरि स्वच्छ तथा सफा खानेपानीको उपलव्धताको लागि क्रमशः थप कार्यक्रमहरु संचालन गरिनेछन् ।
- ❖ ललितपुर जिल्लालाई सन् २०१५ सम्ममा खुल्ला दिशामुक्त क्षेत्र (ODF) बनाइनेछ ।
  - ➢ ODF घोषणा गर्न सक्रियतासाथ सहभागि भएका सम्बन्धित सरोकारहरुलाइ प्रोत्साहन गर्ने निति लिइने छ ।
  - ➢ जलघैटो (Rainwater Harvesting) निर्माण/प्रबद्धन गर्ने निती लिइने छ ।

२. प्रकोप व्यवस्थापन

- ❖ जिल्ला प्रकोप व्यवस्थापन कार्यविधि २०६९ बिपद ब्यबस्थापनमा थप परिमार्जन गरी कार्यान्वयन गरीने छ।
- ❖ जिल्ला आपतकालिन आवास योजना तर्जुमा गरी लागु गरीनेछ।

३. विद्युत/उर्जा :

- ❖ ग्रामीण तथा सामुदायिक विद्युतीकरणको विकास र विस्तारमा विशेष जोड दिदै सार्वजनिक निजी तथा समुदायको साझेदारीमा विद्युत उत्पादन प्रणाली तथा नविकरणीय ऊर्जाको प्रयोगलाई जोड दिइनेछ ।
- ❖ जिविसमा स्थापना भएको नविकरणीय उर्जा तथा वातावरण शाखालाई व्यवस्थित तथा सबलीकरण गर्दै नविकरणीय उर्जा तथा वातावरणसंग सम्वन्धित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- जिल्लाभित्र ऊर्जा तथा वातावरणका क्षेत्रमा कार्यरत संघसंस्था निकायहरुको उद्देश्य अनुरुप प्रगति हासिल गर्न सो क्षेत्रमा क्रियाशिल संघसंस्था/निकायहरुको सहभागितामा जिल्ला ऊर्जा सञ्जाल गठन गरिनेछ ।
- लघु तथा साना जलविद्युत उत्पादनमा स्थानीय समुदायलाई थप प्रोत्साहन गर्नका लागि कुल लागतको ५ प्रतिशत रकम जि.वि.स बाट शेयर लगानी गर्ने निती लिईनेछ ।
- सडक, मठ मन्दिरमा सोलार बत्ति जडान गर्न बैकल्पिक उर्जा ,नेपाल सरकार आदि लगायतसंग समन्वय गर्ने निति लिइने छ ।
- स्वच्छ वातावरण निर्माण तथा ग्रामीण एवं सहरी जनसमुदायको स्वास्थ्यमा महत्वपूर्ण सुधार ल्याउन शौचालय जडित एवं शहरी बायोग्याँसको प्रवर्द्धन गर्न प्रति परिवार लागतको ५ प्रतिशत रकमका दरले अनुदान उपलब्ध गराउने ।
- "सन् २०१७ सम्ममा देशका सम्पूर्ण घरधुरीहरुमा स्वच्छ ऊर्जाका प्रविधिहरु पुऱ्याई घर भित्रको धुवाँमुक्त गर्ने " नेपाल सरकारको घोषित नीति अनुरुप यस जिल्लामा पनि सोहीबमोजिम घोषणा गर्नको लागि सम्वन्धित सरोकारवालाहरु वीच आवश्यक छलफल गरी जिल्लाका सम्पूर्ण घरहरुमा स्वच्छ प्रविधिहरु पुऱ्याई घर भित्रको धुवाँमुक्त जिल्ला घोषणा गरिनेछ ।

४. सडक

- जिल्ला यातायात गुरु योजनामा District Road Core Network भनी पहिचान भएका प्राथमिकतामा परेका सडक आयोजनाहरुलाइ मात्र प्राथमीकतामा राखी बजेट विनियोजन गर्ने निती लिइने छ ।
- दक्षिण ललितपुरको विकासको मेरुदण्डको रुपमा रहेको, दलचोकी- शंखु- इकुडोल-प्युटार सडक र वगुवा-प्युटार-आश्राङ्ग-गिम्दी-ठुलादुर्लुङ्ग-सशिपा भन्ज्याङ्ग सडकहरु निर्माणका लागि नेपाल सरकारले उच्च प्राथमिकता राखेकोले सोको तदारुकताकासाथ कार्यान्वयनलाइ निरन्तरता दिइने छ ।साथै नल्लु चौघरे उन्युचौर कतुवन बेशि सडक,गोदावरी खोला कोरीडोर सडक र ललित घुम्ती सडकहरुलाइ समेत प्राथमिकता राखी कार्यान्वयन गर्दे लगिने छ ।
- जिल्लाको प्राथमिकतामा परी विगत देखि नै क्रमागत रुपमा संचालन भइरहेका आयोजना सम्पन्न नभएसम्म यथेष्ट बजेट विनियोजन गरी सम्पन्न गर्ने तर्फ विशेष ध्यान दिइने छ ।
- जिल्ला यातायात गुरुयोजना (DTMP) को प्राथमिकतामा परेको र विगतका जिल्ला परिषद्हरुमा प्राथमिकतामा परेको नख्खु कोरिडोर सडकलाई वातावरणीय असर मूल्याङ्कनका आधारमा वागमती बाट नख्खु खोला हुँदै टिकाभैरव जोड्ने गरी कान्तिपथको अभिन्न अङ्गका रुपमा राख्न गत वर्ष राष्ट्रिय योजना आयोगमा अनुरोध गरिएकोमा केन्द्रीय सडकका रुपमा राख्न यस वर्ष पनि नेपाल सरकारसंग विशेष अनुरोध गरिनेछ ।
- लेले - चन्दनपुर सडकमा बाह्रै महिना यातायात सुचारु राख्ने उद्देश्यका साथै त्यसको नियमित मर्मत संभार कार्यलाई प्राथमिकतामा राखिएको छ ।
- जिल्लाले छनौट गरी संचालन गर्ने प्रत्येक आयोजनाहरुको कूल बजेटको ५% ले हुन आउने रकम मर्मत संम्भार कोषमा राख्ने व्यवस्थालाई अनिवार्य गरिएको छ ।
- चक्रपथ संग जोडिएका सडकहरुका चोकहरु जस्तै एकान्तकुना चोक, सातदोबाटो चोक, चापागाउं दोबाटो चोक र ग्वार्को चोकमा आकासे मार्ग (Flyover) निर्माणको लागि सम्बन्धित सरोकारवालाहरुसंग समन्वय गरीने छ ।
- नक्खु कोरीडोर निर्माणमा सडक निर्माण लगायत बस्ती बिकासको अबधारण कार्यान्वयन गर्ने निति लिइने छ ।
- उपभोक्ता समितिको क्षमता विकासमा जोड दिइने छ ।

- ❖ पर्यटकीय ,धार्मिक महतवका सडक एवं सेवा केन्द्र सम्म जोडने तथा अन्तर जिल्ला र अन्तर गा.वि.स. जोडने सडकलाई प्राथमीकतामा राखी छनौंट गरिनेछ ।
- ❖ २४ औ. जिल्ला परिषदबाट स्विकृत भएको आ.जि.वि.यो. ले परिलक्ष्य लिई मार्गनिर्देशन गरेका पुर्वाधार योजनाहरुलाई प्राथमिकताको आधारमा बजेट विनियोजन गर्ने नीति लिइने छ।
- ❖ सडक निर्माणको मापदण्ड यथावत राखी सडक बिस्तार सम्भब भए सम्म फराकिलो गर्ने निति लिइने छ ।

५ शहरी विकास :

- ❖ नगर विकास कार्यालयको कार्यक्षेत्र नगरक्षेत्रसंग जोडिएको गा.वि.स. संगमात्र सिमित रहेको हुंदा नगर विकासको कार्यक्षेत्र विस्तारका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।
- ❖ हाल घोषण भएका नयां नगरपालिका र काठमाण्डौ उपत्यका प्राधिकरण संग समन्वय गरी सडक सिमा निर्धारण मा एकरुपता को लागि पहल गरीने निति लिइने छ।
- ❖ नगरपालिका र काठमाण्डौ उपत्यका विकास प्राधिकरण संग समन्वय गरी सडकको क्षेत्र निर्धारण मा एकरुपताको लागि पहल गरीने छ ।
- ❖ जग्गा एकिकरण को माध्यमबाट बस्ती व्यबस्थित गर्न नगरपालिकाहरुसंग समन्वय गरीने छ ।
- ❖ बस्ती बिस्तारको कार्यमा सार्बजनिक भनि कायम भएका स्थानहरुमा हरियाली प्रबर्ध्दनलाइ समेत ध्यान दिइने छ ।
- ❖ बिषयगत कार्यालयबाट आगामी दिनमा योजनाहरु छनौट गर्ने कार्यमा दलिय संयन्त्र का प्रतिनिधि हरुसंग समन्वय गर्ने तथा इलाका स्तरबाट छनोट भई आएका योजनाहरुबाट छनौट गर्ने निति लिइने छ ।

प्रशासन तथा संगठन समिति

१.जिल्ला विकास समिति लगायत बिषयगत कार्यालयहरुमा सुचना प्रविधिको प्रयोगलाई बढवा दिई विधुतीय सुशासन प्रवर्धनमा जोड दिइने छ ।
२.जिल्ला विकास समितिको संगठन संरनचाको अध्ययन गरी चुस्त र छरितो संगठन संरचना निर्माणमा जोड दिइने छ ।
३. निरन्तर रुपमा २० वर्ष वा सो भन्दा वढि स्थायी सेवा गरेका जिविसमा कार्यरत कर्मचारीलाई स्वर्णिम अवकास को प्याकेज ल्याई अतिरिक्त वित्तीयभार कम गरिने छ ।
४.कर्मचारी कल्यांण कोषमा रकम विनियोजन गर्ने विगतको निर्णयलाई कायमनै राखिएको छ ।
५. कर्मचारी कल्यांण को विनियमावलीलाई संसोधन गरी लागू गरीने छ ।
६. कर्मचारीको क्षमता विकास योजनालाई अध्यावधिक गरी कार्यान्वयन गरीने छ ।

आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु तथा अन्य अतिथिज्यूहरु,

आर्थिक वर्ष ०७१/७२ मा राजश्व संकलन रु.१५,९१,४८,२०० हुने संशोधित अनुमान गरिएको छ । यो रकम आर्थिक वर्ष २०७०/७१ को यथार्थ भन्दा ८८.३९ प्रतिशतले बढि र आ.व.२०७१/७२ को अनुमानित भन्दा ६५.८२ प्रतिशतले बढी रहेको छ ।

यसै गरी जिल्ला विकास समितिको आगामी आर्थिक वर्ष २०७२/७३ को अनुमानित आय–व्ययको विवरण यस प्रकार रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

आगामी आ.व.मा जिविस आन्तरिक आय रु. १६,४७,६८,०००। (सोह्र करोड सत्चालिस लाख अट्सट्ठी हजार), नेपाल सरकारको अनुदान निर्वाचन क्षेत्र विकास कार्यक्रम रु. ४,२०,००,०००। (चार करोड बिस लाख), नेपाल सरकार अन्य अनुदान रु. १७,५६,५६,०००। (सत्र करोड छपन्न लाख छपन्न हजार) र भारतीय राजदुतावास कार्यक्रम रु.२,९०,००,०००। (दुई करोड नब्बे लाख) गरी जम्मा रु.४१,१४,२४,०००। (एकचालिस करोड चौध

लाख चौविस हजार) को कुल आय प्रस्तुत गरेको छु । जसमध्ये चालुतर्फ रु.१८,०१,५४,०००। (अठार करोड एक लाख चौवन्न हजार) र पूँजिगततर्फ रु.२३,१२,७०,०००। (तेईस करोड बाह्र लाख सत्तरी हजार) को खर्च प्रस्ताव गरिएको छ ।

आगामी आ.व.को लागि इलाकाबाट प्रस्तावित योजना तथा कार्यक्रमको संख्यात्मक विवरण :

क्र.सं.	कार्यक्रम/शिर्षक	ईकाई	परिणाम
१	सडक	वटा	२८
२	खानेपानी	वटा	५
३	सिंचाई	वटा	२
४	भवन निर्माण	वटा	५
५	पूल/कल्भर्ट	वटा	१
६	अन्य भौतिक पूर्वाधार निर्माण	वटा	२
७	कृषि	संख्या	७७
८	महिला	संख्या	५६
९	बालवालिका	संख्या	५४
१०	अन्य लक्षित समूह कार्यक्रम	संख्या	९४

श्रद्धेय प्रमुख अतिथिज्यू लगायत उपस्थित सम्पूर्ण आदरणीय महानुभावज्यूहरु,

माथि उल्लेखित नीति तथा कार्यक्रमका आधारमा आर्थिक वर्ष ०७२/७३ को लागि जिल्लाको कूल रु. **४,९१,९७,७०,२८०। (चार अर्व एकान्नब्बे करोड सन्तान्नब्बे लाख सत्तरी हजार दुईसय असी)** को वार्षिक बजेट तथा कार्यक्रम पेश गरिएको छ ।

आ.व.०७२/७३ का लागि ललितपुर जिल्लाको अनुमानित कुल बजेट तथा कार्यक्रम

रु.हजारमा

क्र.स.	**विषय क्षेत्र**	**बजेट विवरण**			
		प्रशासनिक खर्च	**कार्यक्रम बजेट चालु**	**पूँजीगत कार्यक्रम बजेट**	**कुल जम्मा**
१	जि.वि.स.आन्तरीक कोष तर्फ	२२१२५.०००	०.०००	१४२६४३.०००	१६४७६८.०००
२	नेपाल सरकार बाट प्राप्त अनुदान	३०३२७.०००	५०७८२.०००	९४५४७.०००	१७५६५६.०००
३	ट्रान्सफर हुने कार्यक्रम तर्फ (गा.वि.स अनुदान,जेष्ठ नागरिक र **RRRSDP)**	१८५३४.०००	७०६१३.२८०	१०१६५६.०००	१९०८०३.२८०
४	विषयगत कार्यालय (निक्षेपित) तर्फ	२०५७५३.०००	५६७४४.०००	६७६०५८.०००	९३८५५५.०००
५	विषयगत कार्यालय (अन्य) तर्फ	४३१३७.०००	०.०००	१८२७२७४.०००	१८७०४११.०००
६	२३ गा.वि.स.हरुको अन्तरिक आय	१५००.०००	०.०००	२५००.०००	४०००.०००
७	ललितपुर उपनपा	१४९८००.०००	०.०००	५९२९००.०००	७४२७००.०००

८	नया थप ३ नगरपालिका	१७०००.०००	०.०००	१९४०००.०००	२११०००.०००
९	गैरसरकारी संस्था	८८७७६.०००	०.०००	४६२१०१.०००	५५०८७७.०००
१०	भारतीय राजदुतावास कार्यक्रम	०.०००	०.०००	२९०००.०००	२९०००.०००
११	निर्वाचन क्षेत्र विकास कार्यक्रम	०.०००	१२०००.०००	३००००.०००	४२०००.०००
जम्मा		**५७६९५२.०००**	**१९०१३९.२८०**	**४१५२६७९.०००**	**४९१९७७०.२८०**

कूल खर्च मध्ये **प्रशासनिक खर्च रु.५७,६९,५२,०००। (सन्ताउन्न करोड उनान्सत्तरी लाख बाउन्न हजार) , कार्यक्रम बजेट चालु खर्च रु.१९,०१,३९,२८०। (उन्नाईस करोड एक लाख उनान्चालिस हजार दुईसय असी)** र **पूँजिगत खर्च रु.४,१५,२६,७९,०००। (चार अर्व पन्ध्र करोड छब्बिस लाख उनान्असी हजार)** हुने अनुमान छ ।

आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु तथा अन्य अतिथिज्यूहरु,

अव आगामी आर्थिक वर्ष २०७२/७३ को यस जिल्लाले लिएका राजश्व नीति, उद्देश्यका बारेमा संक्षिप्त व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

राजश्वका नीति र उद्देश्य :

- ❖ आन्तरिक श्रोतको अधिकतम परिचालन गर्ने ।
- ❖ जि.वि.स.को राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाउने ।
- ❖ साधन र श्रोत उत्पादनशील क्षेत्रमा आकर्षित गर्ने ।
- ❖ जिविसको स्वामित्वमा रहेको सम्पत्तिको अधिकतम उपयोग गर्ने ।

यसरी आगामी आर्थिक वर्ष ०७२/७३ मा जि.वि.स.तर्फको आन्तरिक आय रु. १६,४७,६८,००० (सोह्र करोड सत्चालिस लाख अर्सट्ठी हजार मात्र) अनुमान गरिएको छ । जुन आ.ब. २०७१/७२ को अनुमानित आय (रु.९,५९,७३,०००) भन्दा ७१.६८ प्रतिशत र संशोधित अनुमान (रु.१५,९१,४८,२००)भन्दा ३.५३ प्रतिशतले बढी छ ।

श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु तथा अन्य अतिथिज्यूहरु,

अन्त्यमा,

यस बजेटको सफल कार्यान्वयनबाट ललितपुर जिल्लाको समावेशी विकासमा सघाउ पुग्ने, आर्थिक वृद्धि हुने ,रोजगारी अभिवृद्धि हुने र राजश्व अभिवृद्धि गर्न मद्धत पुग्ने विश्वास लिइएको छ । चालू वर्षको वजेट कार्यान्वयनमा र आगामी आ.व.को वजेट तर्जुमामा सहयोग पुऱ्याउनु हुने माननीय सभासद्ज्यूहरु, राजनैतिक दलका जिल्लास्तरीय प्रमुख एवम् प्रतिनिधिज्यूहरु, सरकारी कार्यालयका प्रमुखज्यूहरु, नागरिक समाज, गै.स.स. निजी क्षेत्र, दातृ निकाय, संचारकर्मी मित्रहरु तथा सम्पूर्ण कर्मचारीहरु लगायत सवैलाई धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुत वजेटको सफल कार्यान्वयनमा समेत यहाँहरु सवैको सहयोग निरन्तर रहने अपेक्षा गरेको छु ।

धन्यवाद ।

मिति : २०७१/११/२७ गते बुधबार ।

पशुपति पोखरेल
स्थानीय विकास अधिकारी
जिल्ला विकास समिति ललितपुर